## मिति २०७८।०३।२० गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. १३।०७८

१. प्रदेश मन्त्रालयको भवन, माननीय मन्त्रीज्यूहरुको आवास र सवारी साधन व्यवस्थापन सम्बन्धी विषयको प्रस्तावः "प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

२. नीति तथा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७८ स्वीकृत गर्ने।

३. माननीय मुख्यमन्त्रीज्यूको राजनीतिक सल्लाहकारमा बुलिङटार गाउँपालिका वडा नं. ३ नवलपरासी (वर्दघाट सुस्तापूर्व) बस्ने खड्ग बहादुर कमाललाई नियुक्ति गरी पारिश्रमिक तथा सेवा सुविधा तोक्ने।

४. माननीय मुख्यमन्त्रीज्यूको प्रेस संयोजकमा पुतलीबजार नगरपालिका वडा नं. १३, स्याङ्जा बस्ने भरत कोइरालालाई नियुक्ति गरी पारिश्रमिक तथा सेवा सुविधा तोक्ने।

५. प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेशको सदस्य पदमा म्याग्दे गाउँपाललिका वडा नं.२, तनहूँ बस्ने डा. सुवास अधिकारीलाई नियुक्ति गर्ने।

६. स्वास्थ्य निर्देशनालयको निर्देशक पदमा प्रमुख जनस्वास्थ्य प्रशासक/निर्देशक खिमबहादुर खड्कालाई खटाउने साथै निजलाई अर्को व्यवस्था नभएसम्म प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको निर्देशकको समेत कामकाज गर्ने गरी तोक्ने।